त्रिभुवन विश्वविद्यालय
व्यवस्थापन संकाय
जन प्रशासन केन्द्रीय विभाग

# जन प्रशासन क्याम्पस

(२०३३)
(अनुसन्धान समिति)

पत्र संख्या

च.नं.

मितिः२०८२-११-१५

**शोधपत्र लेखन सम्बन्धी मार्गदर्शन प्रकाशित गरिएको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा अनुसन्धान समितिले स्वीकृती गरि कार्यान्वयनको लागि क्याम्पस कार्यकारी समिति समक्ष स्वीकृतीको लागि पेश गरिएको **"जनप्रशासन क्याम्पसको शोधपत्र लेखन सम्बन्धी मार्गदर्शन– २०८२ (Dissertation Writing Guidelines of Public Administration Campus -2025)"** मिति २०८२-०९-०८ मा बसेको क्याम्पस कार्यकारी समितिको बैठकबाट स्वीकृत भएको व्यहोरा अवगत गराउदै सम्बन्धीत सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

अध्यक्ष

अनुसन्धान समिति

फोन नं. : + ९७७-१-५३७६-८८७, ४३०१-५४२, इमेल : research.head@pac.tu.edu.np URL: pac.tu.edu.np पोष्ट बक्सः १५०९, चकपथ, बल्ख, काठमाण्डौ, नेपाल

त्रिभुवन विश्वविद्यालय

व्यवस्थापन संकाय

जनप्रशासन केन्द्रीय विभाग

जनप्रशासन क्याम्पस

अनुसन्धान समिति

# जनप्रशासन क्याम्पसको शोधपत्र लेखन सम्बन्धी मार्गदर्शन-२०८२

# Dissertation Writing Guidelines of Public Administration Campus Research Committee -2025

जनप्रशासन क्याम्पस अनुसन्धान समिति

बल्खु, काठमाण्डौ ।

जन प्रशासन केन्द्रीय विभाग
जन प्रशासन क्याम्पस
२०३३
अनुसन्धान समिति

१. प्रस्तावना:

त्रिभुवन विश्वविद्यालय (त्रि.वि.), व्यवस्थापन संकाय अन्तर्गत जनप्रशासन क्याम्पस बल्खुमा संचालित Master of Public Administration (MPA) कार्यक्रममा विद्यार्थीहरुले तयार गर्ने Dissertation Proposal तथा Dissertation को Viva Voce प्रकृया, Dissertation लेखन कार्यमा विद्यार्थीहरुलाई जानकारी दिने, शोधार्थी विद्यार्थीहरुमा Dissertation लेखन कार्य तथा अनुसन्धान प्रति सकरात्मक सोचको विकास गर्दै अनुसान्धान समितिको कार्यमा प्रभावकारीता तथा व्यवस्थित गर्नुको साथै Dissertation को गुणस्तर बृद्धि गर्नु आवश्यक भएकोले अनुसन्धान समितिको बैठकबाट पारित भई कार्यान्वयनको लागि स्वीकृतीका लागि सिफारिस भई आएको "जनप्रशासन क्याम्पसको शोधपत्र लेखन सम्बन्धी मार्गदर्शन-२०८२" लाई क्याम्पस कार्यकारी समितिको बैठकले स्वीकृत गरी लागु गर्ने निर्णय गरेको छ।

२. संक्षिप्त नाम

यस मार्गदर्शनको नाम "जनप्रशासन क्याम्पसको शोधपत्र लेखन सम्बन्धी मार्गदर्शन-२०८२ (Dissertation Writing Guidelines of Public Administration Campus -2025) रहेको छ र क्याम्पस कार्यकारी समितिले स्वीकृत गरे पछि लागु हुनेछ।

३. शोधपत्र (Dissertation) तयार गर्ने विद्यार्थीहरुले अनुसन्धान समितिले तोकेको ढाँचा तथा मापदण्ड अनुसार शोध प्रस्तावको (Dissertation Proposal) तोकिएको प्रति क्याम्पसको परीक्षा शाखामा बुझाउनु पर्नेछ।

४. शोधार्थी विद्यार्थीहरुले आफ्नो शोधपत्र तयार गरे पछि तोकिएको सुपरिवेक्षक (Dissertation Supervisor) बाट स्वीकृत गरिएको प्रति सहित Dissertation को Soft Copy (Word Format) Plagiarism Check को लागि क्याम्पसमा उपलब्ध गराउनु पर्नेछ।

५. शोधार्थी विद्यार्थीहरुले पेश गरेको Dissertation मा तोकिएको भन्दा बढी Plagiarism तथा AI Generated Text देखिएमा शोधार्थी विद्यार्थीले Dissertation संशोधन गरि पुन पेश गर्नु पर्नेछ॥ Dissertation मा तोकिएको भन्दा बढी Plagiarism तथा AI Generated Text नदेखिएमा सोहि बमोजिम Report उपलब्ध गराईनेछ।

६. शोधार्थी विद्यार्थीहरुले Dissertation मा तोकिएको भन्दा बढी Plagiarism तथा AI Generated Text नदेखिएको Report सहित Dissertation को तोकिएको प्रति Viva Voce Examination को लागि परीक्षा शाखामा पेश गर्नु पर्नेछ।



जन प्रशासन केन्द्रीय क्याम्पस
जन प्रशासन क्याम्पस
२०३३
अनुसन्धान समिति

७. विद्यार्थीहरुले Dissertation Proposal तथा Dissertation बुझाएको समयमा परीक्षा शाखाबाट Viva Voce Examination हुने अनुमानित दिन बारे जानकारी प्राप्त गर्न सकिनेछ । Viva Voce Examination को मिति र समय परीक्षा शाखामा प्राप्त हुन आएका Dissertation Proposal तथा Dissertation को संख्या, क्याम्पसको जरुरी कार्यहरुको कारण अुसन्धान समितिका सदस्यहरु र परीक्षा शाखामा कार्यरत कर्मचारीहरुको कार्य व्यस्तता तथा उपलब्ध समयको आधारमा सम्भव भएसम्म छिटो तय गरिनेछ ।

८. Dissertation Proposal तथा Dissertation को Viva Voce Examination गर्दा Dissertation Proposal र Dissertation हरुको दर्ताक्रम अनुसार पहिले पेश गर्ने विद्यार्थीहरुको मस्यौदाहरुलाई पहिलो प्राथमिकताको आधारमा गरिनेछ ।

९. Viva Voce Examination को मिति तथा समय निश्चित भएपछि सम्न्धीत विद्यार्थीलाई सामान्यतया एक दिन अगाडि जानकारी गराईनेछ । Viva Voce Examination बारे जानकारी गराउने क्रममा विद्यार्थीलाई सम्पर्क हुन नसकेको वा अन्य कुनै कारणले पूर्वानुमानित दिनमा Viva Voce Examination को लागि कुनै जानकारी प्राप्त नभएमा अथवा आफ्नो Viva Voce Examination हुने दिन र समय बारे जानकारीको लागि परीक्षा शाखामा सम्पर्क गरि जानकारी लिन सकिनेछ ।

१०. तोकिएको दिन कुनै कारणवश Viva Voce Examination उपस्थित हुन असमर्थ भएमा सम्बन्धीत विद्यार्थीले उपस्थित हुन नसक्ने कुराको जानकारी अग्रीम रुपमा परीक्षा शाखामा गराउनु पर्नेछ र यसरी अनुपस्थित हुने विद्यार्थीहरुको लागि पछि हुने Viva Voce Examination मा समावेश गराईनेछ । तर अनुपस्थित हुने विद्यार्थीको अनुकुल हुने मिति तथा समयमा Viva Voce Examination को व्यवस्था गर्न अनुसन्धान समिति बाध्य हुने छैन ।

११. कुनै प्राविधिक वा अन्य कारणले तोकिएको मिति तथा समयमा Viva Voce Examination हुन नसकेको अवस्थामा अनुसन्धान समितिले यथासक्य चाँडो Viva Voce Examination को व्यवस्था गर्नेछ।

१२. Dissertation Proposal तथा Dissertation को Viva Voce Examination को लागि सम्बन्धीत विद्यार्थीहरुले आफ्नो Presentation Slides तोकिएको Email मा अग्रिम रुपमा पठाउनु पर्नेछ ।



जन प्रशासन केन्द्रीय विभाग
जन प्रशासन क्याम्पस
२०३३
अनुसन्धान समिति

१३. Dissertation Proposal को Viva Voce Examination मा अनुसन्धान समिति र सम्वन्धीत Supervisor ले दिएको Feedback तथा Comments लाई पूर्णरुपमा सम्वोधन गरी Revised Proposal को तोकिएको प्रति र Viva Voce Examination को समयमा फिर्ता गरेको प्रति ( Initial Proposal with Comments) परीक्षा शाखामा बुझाउनु पर्नेछ ।

१४. Revised Proposal बुझाउने विद्यार्थीहरुको Dissertation Supervisor तोक्ने क्रममा Proposal रुजु गर्दा Viva Voce Examination मा दिईको Feedback तथा Comments हरु लाई सम्बोधन नगरेको, Proposal को Title स्पष्ट र अर्थपूर्ण (Specific and Meaningful) नभएको, तोकिएको Structure तथा Formatting Guidelines अनुसार तयार नगरेको, तथा Proposal को Title विगतमा स्वीकुत भएको वा तयार भएको सोधपत्रको Title सँग मिलेको पाईएमा निजहरुको लागि Supervisor तोकिने छैन । यस्तो अवस्थामा सम्वन्धीत विद्यार्थीहरुलाई जानकारी गराईने छ र Proposal संशोधन गरि पुन पेश गर्नु (Revision and Resubmission) पर्नेछ ।

१५. Revised Proposal बुझाउने विद्यार्थीहरुको Dissertation Supervisor तोक्ने क्रममा रुजु गर्दा Proposal को Title मा सामान्य त्रुटीहरु भएको पाईएमा त्रुटीहरु सुधार गरि Supervisor तोकिने छ र संशोधित Title नै सम्बन्धीत विद्यार्थीहरुको Approved Title हुनेछ । विद्यार्थीहरुको Dissertation Supervisor तोकेको विवरण क्याम्पसको Website र कुनै प्राविधिक समस्या आएमा क्याम्पसको सुचना पाटी मार्फत जानकारी गराईनेछ ।

१६. शोधार्थी विद्यार्थीहरुले तोकिएको Supervisor को सल्लाह तथा सुझाव अनुसार शोधपत्र तायर गर्नु पर्नेछ । साथै Data Collection शुरु गर्नु अगाडि Data Collection Tools (Questionnaire, Interview Protocol, Moderator Guidelines etc.) आफ्नो Supervisor बाट स्वीकुत गराउनु पर्नेछ । शोधार्थी विद्यार्थीहरुको Supervisor ले Unprocessed/ Raw Data तथा Processed/Cleaned Data बारे जानकारी चाहेमा शोधार्थी विद्यार्थीले सो बारे Supervisor लाई पूर्णरुपमा जानकारी दिनु पर्नेछ र आवश्यक परेमा Supervisor समक्ष Data पेश गर्नु पर्नेछ ।

१७ शोत्रपत्रको लेखनकार्य अनुसन्धानमुलक प्राज्ञिक लेखन (Research Based Academic Writing) कार्य भएकोले शोधार्थी विद्यार्थीहरुले शोधपत्र लेखन कार्यमा अनुसन्धान तथा प्राज्ञिक लेखन कार्यका नैतिक मुल्य, मान्यता, तथा मापदण्डहरुलाई (Ethical and Academic Values, Norms, and Standards of Research and Academic Writing) पूर्ण रुपमा पालना गर्नु पर्नेछ ॥



जन प्रशासन केन्द्रीय विभाग
जन प्रशासन क्याम्पस
२०३३
अनुसन्धान समिति

१८. Dissertation को Viva Voce Examination को क्रममा अनुसन्धान समितिलाई कुनै Dissertation न्यूनतम मापदण्ड नपुगेको लागेमा सुधारको लागि आवश्यक Feedback तथा Comments सहित सम्बन्धीत शोधार्थी विद्यार्थीलाई Dissertation संशोधन  गरी पुन पेश गर्न (Revision and Resubmission) निर्देशन दिनेछ ।

१९ Dissertation को Viva Voce Examination को क्रममा अनुसन्धान समिति,  सुपरिवेक्षक, आन्तरीक तथा बाहय परीक्षक/सुपरिवेक्षकहरुले Unprocessed/ Raw Data तथा Processed/Cleaned Data बारे जानकारी चाहेमा शोधार्थी विद्यार्थीले सो बारे स्पष्टरुपमा जानकारी दिनु पर्नेछ र आवश्यक परेमा Data पेश गर्नु पर्नेछ ।

२०. शोधार्थी विद्यार्थीहरुले Dissertation मा तोकिएको/स्वीकृत मापदण्ड तथा मार्गदर्शनहरु (Approved Structure and Formatting Guidelines) का अतिरिक्त Dissertation को Acknowledgements मा अनुसन्धान  समिति, सुवरिवेशकहरु लगाएत  क्याम्पसमा प्राध्यापनरत प्राध्यापक/शिक्षकहरुको  नाम, पद, पदवी सहि रहेको सुनिश्चित गर्नु पर्नेछ र Dissertation को Hard (Cloth) Binding को लागि आवश्यक कागजातहरुको लागि परीक्षा शाखामा सम्पर्क गर्नु पर्नेछ ।

२१. शोधार्थी विद्यार्थीले प्रस्तुत गरेको Dissertation तोकिएको  Structure and Formatting Guidelines अनुसार नभएमा, तथा अनुसन्धान समिति, सुपरिवेक्षकहरु,  लगाएत  क्याम्पसमा प्राध्यापनरत प्राध्यापक/शिक्षकहरुको  नाम, पद, पदवी गलत भएको पाईएमा सम्बन्धीत शोधार्थी विद्यार्थीहरुले  Dissertation पुन संशोधन गरि आवश्यक कागजातको लागि परीक्षा शाखामा सम्पर्क गर्नु पर्नेछ ।

२२. Dissertation को आवश्यक Hard (Cloth) Binding प्रतिहरु सम्बन्धीत शोधार्थी विद्यार्थीले आफनो हस्तारक्ष गरि परीक्षा शाखामा पेश गर्नु पर्नेछ । परीक्षा शाखामा पेश गरिएका शोधपत्रको सुपरिवेक्षक, आन्तरीक तथा बाह्य परीक्षक/सुपरिवेक्षक तथा अनुसन्धान समितिका अध्यक्षबाट शोधपत्रमा तोकिएको मापदण्ड तथा शोधपत्रको गुणस्तरको आधारमा मूल्यांकन गरि अंक प्रदान गरिनेछ । शोधपत्रको मूल्यांकनको क्रममा कुनै शोधपत्रमा न्यूनतम मापदण्ड पुरा नभएको, गम्भिर त्रुटिहरु भएको, तथा सम्बन्धीत विद्यार्थीको हस्ताक्षर नगरेको पाईएमा उक्त शोधपत्र उपर कुनै कारवाही गरिने छैन ।

२३. Dissertation Writing शोधार्थी विद्यार्थीहरुको Independent Academic Work का साथै Supervisor द्वारा निर्देशित Collaborative Work पनि भएकोले शोधार्थी विद्यार्थीहरुले तोकिएको Supervisor बाट आवश्यक सुझाव/सल्लाह लिनु पर्ने, सम्बन्धीत Supervisor ले शोधार्थी विद्यार्थीलाई आवश्यक सहयोग गर्नु पर्ने र शोधार्थी विद्यार्थी तथा सुपरिवेक्षक आफ्नो कर्तव्य, दायित्व, र आचरण प्रति पूर्ण रुपमा सजग र सचेत रहनु पर्नेछ ।

२४.शोधार्थी विद्यार्थीहरुले Artificial Intelligence (AI) बाट सिर्जना/तयार गरिएका शोधपत्र (AI Generated Dissertation), अन्य शैक्षिक संस्थामा पेश गरिएका शोधपत्रबाट तयार गरिएका तथा अरु कसैले तयार गरिदिएको शोधपत्र पेश गरि शैक्षिक उपाधि लिनु बौद्धिक चोरी हुने भएकोले दण्डनिय हुने र बौद्धिक चोरी बाट तयार गरिएका Dissertation पेश गरि शैक्षिक प्रमाणपत्र लिएको भविष्यमा पत्ता लागेमा गम्भिर प्रकृतीको कानुनी कारवाही हुने भएकोले यस तर्फ पूर्णरुपमा सतर्क र सचेत रहि शोधपत्र तयार गर्नु पर्नेछ ।

२५. यस मार्गदर्शनमा उल्लेखित विषयवस्तुहरुका सन्दर्भमा आवश्यकता अनुसार अनुसन्धान समितिले सूचना प्रकाशित गरि जानकारी गराउनेछ र कुनै विषयवस्तु स्पष्ट नभएको पाईएमा सो बारेमा स्पष्ट गर्नेछ ।

२६. यस मार्गदर्शनमा उल्लेख नभएको तथा यसको कार्यान्वयनको क्रममा कुनै द्विविधा भएमा त्रि. वि. को प्रचलित नियम तथा त्रि. वि. व्यवस्थापन संकायको प्रचलित कार्यविधि/मार्गदर्शन बमोजिम हुनेछ ।

२७. यस मार्गदर्शनमा कुनै संशोधन गर्न आवश्यक देखिएमा अनुसन्धान समितिले संशोधन गरि क्याम्पस कार्यकारी समितिले स्वीकृत गरि संशोधन गर्न सकिनेछ ।

जन प्रशासन केन्द्रीय विभाग
जन प्रशासन क्याम्पस
२०३३
अनुसन्धान समिति